# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/१०/२९ गते

# प्रेस विज्ञप्ति

**विषय: आयोगको २७औं वार्षिकोत्सब समारोह सम्पन्न।**

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २७ औं स्थापना दिवस सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा माघ २८ गते विभिन्न कार्यक्रम गरी भव्यरुपमा सम्पन्न भयो । यसै अवसरमा सम्माननीय राष्ट्रपतिबाट भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धनमा सहयोग पुर्याउने उद्देश्यले स्वतन्त्र संवैधानिक निकायको रुपमा स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुलुक संघीय प्रणालीमा प्रवेश गरेको सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहमा असल अभ्यासको सुदृढीकरण गरी लोकतन्त्रको प्रतिफल जनसमक्ष पुर्याउन र प्रभावकारी रुपमा भ्रष्टाचारको नियन्त्रण गर्न, देशले अंगीकार गरेको नयाँ राजनीतीक पद्दति र संरचनामा सदाचार, सुशासन र सार्वजनिक उत्तरदायित्वको भावनालाई अझ बढी सुदृढ र प्रभावकारी बनाउन सशक्त भै आयोगले आगामी दिनमा कार्य गर्ने विश्वास व्यक्त गर्नु भयो।

राष्ट्रपति भण्डारीले आम जनतामा आयोगको सक्षमता, प्रभावकारिता, पारदर्शिता तथा तटस्थताको सार्वजनिक छवी कायम गरी यसको जर्गेना गर्न उतिकै आवश्यक रहेको उल्लेख गर्दै नेपालको संविधान बमोजिम हालै सम्पन्न स्थानीय प्रदेश र संघको निर्वाचनबाट मुलुक राजनीतीक स्थायित्व, सुशासन र आर्थिक समृद्धिको चरणमा प्रवेश गर्ने आशा आम नागरिकमा रहेकोले मुलुकमा दिगो बिकास र स्थायी शान्तिप्रतिको जनचाहनालाई उचित रुपमा सम्बोधन गर्न सम्बद्ध सबै पक्षले जिम्मेवारी र सेवाभावका साथ कार्य गर्ने बिश्वास व्यक्त गर्नुभयो । राष्ट्रपति भण्डारीले राष्ट्र र जनताको सेवा गर्ने सपथ लिएका राष्ट्रसेवक कर्मचारीहरुले देशलाई हानीनोक्सानी पुर्याउने अनुचित कार्य हुन नदिइ जनता र समाजको हितलाई केन्द्रविन्दुमा राखेर सुम्पिएको जिम्मेवारी पूरा गर्न सदा दत्तचित्त हुनु पर्ने बताउनु भयो ।

राष्ट्रपति भण्डारीले आयोगको आ.व.२०७३।०७४ को वार्षिक प्रतिवेदनमा सार्वजनिक सरोकारका विषयमा उल्लेख गरेका सुझावहरुको यथोचित मूल्याङ्कन गरी कार्यान्वयन भएमा मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले जनअपेक्षालाई गम्भीरताकासाथ मनन गरी कर्तव्य पथमा सधैं समर्पित हुन आयोगलाई आग्रह गर्दै संवैधानिक रुपमा भ्रष्टाचार नियन्त्रणको दायित्व सुम्पिएको भए पनि यस कार्यमा सबै सरोकारवाला पक्षको सक्रिय सहयोग र सहकार्यले देशमा आर्थिक अनुशासन कायम हुने र सबैको साझा अठोट र प्रतिवद्धताबाट मुलुकमा भ्रष्टाचार निर्मूल गरी सुशासन र विधिको शासन कायम गर्न सकिन्छ भन्ने दृढ विश्वास व्यक्त गर्नु भयो ।

उक्त अवसरमा आयोगका माननीय प्रमुख आयुक्त दीप बस्न्यातले आयोगको निमन्त्रणा स्वीकार गरी पाल्नुभएका विशिष्ट पाहुनाहरु र सम्पूर्ण अतिथिहरुको गरिमामय उपस्थितिले आयोगलाई थप हौसला प्राप्त हुनका साथै अझ उत्साह र जाँगरका साथ कार्य गर्न उर्जा प्रदान गरेको भन्दै उपस्थित सबैप्रति हार्दिक आभार व्यक्त गर्नुभयो।

प्रमुख आयुक्त बस्न्यातले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संविधान तथा कानून प्रदत्त कार्याधिकारको दायरामा रही सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यउपर छानविन, अनुसन्धान तथा अभियोजनसम्बन्धी कार्य गर्नुका साथै निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यहरूसमेत सम्पादन गर्दै आएको कुरा जानकारी गराउनु हुँदै आगामी दिनमा आयोगको संस्थागत क्षमता विकास गर्दै अनुसन्धान पद्धतिलाई थप परिष्कृत बनाउने संवैधानिक र कानूनी जिम्मेवारी एवं जनताको अपेक्षा र सामाजिक आवश्यकता समेतलाई ध्यानमा राखी आयोगले अझ तत्परताकासाथ आफ्नो भूमिका प्रभावकारी ढंगले निभाउने बताउनुभयो ।

उहाँले भ्रष्टाचारमुक्त समाज निर्माणको लागि आयोग अविचलित भइ कर्तव्यपथमा तल्लीन रहेको उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रणका लागि संविधान एवं कानूनले राज्यसंयन्त्रभित्रका निकायहरूलाई एउटै सूत्रमा आवद्ध भइ सवैलाई आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । वर्तमान संविधानमा अनुचित कार्यसम्बन्धी व्यवस्था आयोगको क्षेत्राधिकारभित्र नपरेको कारणबाट भ्रष्टाचार नियन्त्रणको दिशामा गम्भीर चुनौती खडा गरेको बताउँदै प्रमुख आयुक्त वस्न्यातले यसतर्फ समयमै ध्यान जानु आवश्यक देखिएको कुरामा समेत जोड दिनुभयो ।

उहाँले पुरस्कृत हुने सम्पूर्ण कर्मचारीहरु तथा वक्तृत्वकलामा पुरस्कृत हिमालय ह्वाइट हाउस उ.मा.वि. नयाँबानेश्वरका छात्र आदेश कार्की, महेन्द्र मा.वि. रेसुङ्गा, गुल्मीका छात्रा मनिषा पौडेल र नेशनल ओपन कलेज सानेपा ललितपुरका छात्र राम थापा क्षेत्री र कवितातर्फ पुरस्कृत मेगा नेशनल कलेज, कुमारीपाटी ललितपुरका छात्र निशान थापा मगर, बानेश्वर क्याम्पस, शान्तिनगरकी छात्रा काशिका अर्याल र एस्.भि.एकेडेमी, नयाँबानेश्वरकी छात्रा भवानीकुमारी खतिवडा लाई बधाई दिँदै विद्यार्थीले साचो अर्थमा आयोगका दूत भै परिवार र समाजलाई बदली सु-संकार तथा नैतिक आचरणको विकास गर्न सघाउ पुर्याउने छन् भन्ने आशा व्यक्त गर्नुभयो ।

आयोगमा रही काम गर्ने विभिन्न तहका कर्मचारीहरुलाई राष्ट्रपतिले पुरस्कार प्रदान गर्नुका साथै आयोगबाट प्रकाशित स्मारिकाको विमोचन समेत गर्नुभएको थियो ।

कार्यक्रमको दोश्रो खण्डमा कलाकारहरूद्वारा भ्रष्टाचार विरुद्ध सन्देश/जनचेतनामुलक सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता